लिखु पिके गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चौलाखर्क, सोलुखुम्बु।

कोशी प्रदेश, नेपाल

प.सं.:०८०/८१

च.नं.:

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क,सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

# सेवा करारंमा लिने सम्बन्धी सुचना

सुचना प्रकाशन मिति:२०८०/०८/११

लिखुपिके गाँउपालिकाका अन्तर्गतका विभिन्न कार्यालयहरुमा रिक्त पदहरुमा तपशीलमा उल्लेखित पद,सङ्ख्या र योग्यता भएका प्राविधिक कर्मचारीहरु करार सेवाको माध्यमबाट पदपुर्ती गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरीकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र राजश्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

बिज्ञापन नं.०२-०८०-८१

| क्र.स. | सेवा/समुह/उप समुह | पद/तह | सङख्या | कैफियत |
|---|---|---|---|---|
| १ | इन्जि/सिभिल/जनरल | इन्जिनियर छैठौं | १ | |
| २ | इन्जि/सिभिल | सव-इन्जिनियर पाचौं | १ | |
| ३ | स्वास्थ्य/हे.ई | अ.हे.व.-चौथो | १ | |
| ४ | स्वास्थ्य/क.न./प.हे.न. | अ.न.मी.-चौथो | १ | एस.बी.ए.तालिम प्राप्त |
| ५ | कृषि/पशु स्वास्थ्य | ना.प्रा.स. चौथो | १ | |

**शैक्षिक योग्यता र अनुभव:**

१.नेपाली नागरिक हुनुपर्ने ।

२.न्युनतम शैक्षिक योग्यता:

- **इन्जि/सिभिल/जनरल:** ईन्जिनियर छैठौ तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ बिषयमा स्नातक उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनुपर्ने । सव-इन्जिनियर पाचौंको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ बिषयमा डिप्लोमा तह उत्तीर्ण गरेको सहितका सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु।
- **अ.हे.व.**-नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.हे.व. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्र सहितका सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु।
- **अ.न.मी.**-नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट अ.न.मी. कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्र सहितका सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु साथै SBA तालिम लिएको प्रमाणपत्र ।
- **कृषी/पशुस्वास्थ्य:**-ना.प्रा.स. चौथो तहको हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट १८ महिने जे.टी.ए.कोर्ष उत्तीर्ण गरेको लगायतका सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु।

३.अनुभवी उमेद्वारलाई विशेष प्राथमिकता दिइने छ ।

लिखु पिके गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौलाखर्क, सोलुखुम्बु।
कोशी प्रदेश, नेपाल

प.सं.:०८०/८१
च.नं.:

४. उमेर: महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

५. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने ।

६.**परिक्षाको किसिम:** लिखित,अन्तर्वार्ता र आवश्यकता अनुसार प्रयोगात्मक ।

७.**सेवा/सुविधा:**नेपाल सरकारले तोके बमोजिम ।

८.**दरखास्त दस्तुर:** अधिकृतस्तर तहको लागी रु १०००,सहायकस्तर पाचौं तहको लागी ८०० र सहायकस्तर चौथो तहको लागी रु ५००।

९.दरखास्त फाराम कार्यालय समय भित्र कार्यालयबाट लिन सकिनेछ साथै कार्यालयको वेभसाइट **www.likhupikemun.gov.np**बाट समेत डाउनलोड गर्न सकिने छ ।

१०. **निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

- दरखास्त फाराम ।
- बायोडाटा र दुइ प्रति पासपोर्ट साइजको फोटो ।
- माथी उल्लेखित सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपीहरु ।
- नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
- कार्य अनुभव खुल्ने कागजातहरु ।

११.कर्मचारी भर्ना छनौट सम्वन्धी अन्य व्यवस्था लिखुपिके गाँउपालिकाको करार मा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी-२०७८ (पहिलो संशोधन) बमोजिम हुनेछ ।

*पुनश्च:कार्यालय समयमा उपस्थित हुन नसकेको खण्डमा यस लिखुपिके गाँउपालिकाको नाममा सिटिजन्स बैंकमा रहेको आन्तरिक राजश्व खाता (LIKHU PIKEY GA. PA. ANTARIK RAJASWA KHATA) नं. ०७२०१००००००१२०२ मा तोकिएको राजश्व तिरेको रसिद लगायत अन्य आवश्यक सम्पुर्ण कागजातहरु सहित कार्यालयको ईमेल ठेगाना* **likhupikerm@gmail.com** *मा समेत पठाउन सकिनेछ। साथै परिक्षामा सामेल हुन आउँदा सम्पुर्ण कागजातहरुको सक्कल प्रति समेत लिई आउनुपर्नेछ।*

ज्ञानु कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत

ज्ञानु कार्की
नि.प्रमुख प्रशासकीय अधिकृत